कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ६ | वि.सं. २०८१ बैशाख ७ शुक्रवार | नेपाल संवत्: ११४४, चैत शुक्ल एकादशी | Friday 19 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### क्षेत्र विस्तारमा करोडौं खर्च

# सुन्तलाको पकेट क्षेत्र संकटमा





**◣हिक्मतबहादुर नेपाली**
**दैलेख, ६ बैशाख ।**

सुन्तला उत्पादनमा कर्णालीमै चर्चित मानिन्छ, दैलेख जिल्ला । यहाँको दुल्लु नगरपालिका, भैरबी गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका लगायतका स्थानीय तह सुन्तला उत्पादनका हिसाबले चर्चित छन् । यी स्थानीय तहका विभिन्न वडामा सुन्तलाको बगैंचा नै बगैंचाको दृष्य देख्न पाईन्थ्यो । बोटभरी लटरम्म सुल्तला फल्थे ।

जता हेर्‍यो उतै पँहेलपुर देखिन्थ्यो । अहिले भने यहाँका सुन्तला खेती गर्ने किसानहरुलाई सपना जस्तो लाग्छ । पछिल्लो केहि बर्षयता यस क्षेत्रमा सुन्तला उत्पादन घट्दै गएको छ । किसानहरु भन्छन् 'यहाँका स्थानीय रैथाने जातका सुन्तला संकटमा परेको छ ।' धमाधम बोट सुक्न थालेपछि किसान परिवारको जीविकोपार्जनमा समस्या देखिन थालेको छ ।

डुङ्गेश्वर गाउँपालिका-२ सेर्माकोटका स्थानीय टिकाराम नेपालीको सुन्तलाको लहलहाउँदो सुन्तला बगैंचा नै थियो । २०७० सातासम्म पनि उनले बर्षेनी लाखौंको सुन्तला बिक्री गर्थे । 'सुन्तला पाक्ने मौसममा बारी नै पँहेलपुर हुन्थ्यो, दिनभरी सुन्तला टिपेर रातभर तौलेर विहानै बजारतिर पठाउँथ्यौं, व्यापारीहरु बगैंचामै सुन्तला किन्न आउथे, त्यो दिन अहिले सपना जस्तो लाग्छ' उनले भने । सुन्तला नपाक्दै कुहिने र बोट पनि सुक्ने समस्या देखिन थाल्यो । बारीमा रहेको सुन्तलाका बोट विस्तारै सुक्न थाले । सुन्तलाका बोटमा स-साना दाना फल्न थाले । अहिले त भएका बचेका बोटमा पनि सुन्तला फल्नै छोड्यो ।

भैरबी गाउँपालिका-६ खम्बागाडेकी मन्धरी पौडेल अहिले सुन्तला उत्पादनमा गिरावट आएको बताउँछिन । खम्वागाडे क्षेत्रमा सुन्तला उत्पादन धेरै हुन्थ्यो । परम्परागत रुपमा गरिने नगदे बालीको खेती गर्दै आएको मन्धरीको परिवारले सुन्तला उत्पादन धेरै हुने देखेपनि नगदे बाली छोडेर सुन्तलाका विरुवा रोपे । सुन्तला रोपेको तीन वर्षसम्म राम्रै उत्पादन भयो ।

त्यसपछि सुन्तलाका बोट सुक्न थाले । सुन्तलाका दाना सानो सानो लाग्न थाल्यो । '

▶ बाँकी ४ पेजमा

**'बारीमा रहेको सुन्तलाका बोट विस्तारै सुक्न थाले । सुन्तलाका बोटमा स-साना दाना फल्न थाले । अहिले त भएका बचेका बोटमा पनि सुन्तला फल्नै छोड्यो ।'**

## ११ वडामा आलु र १८ वडामा बाख्रा जोन

दैलेखमा सुन्तलासँगै आलु खेतीले पनि प्रख्यात छ । यहाँको गुराँस, डुङ्गेश्वर, नारायण, महाबु, भैरबी, भगवतीमाई, दुल्लु लगाएतका स्थानीय तहमा आलु खेती हुन्छ । दैलेखमा भईरहेको आलु खेतीको क्षेत्र विस्तार र विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत आलु जोन कार्यक्रम लागु छ ।

आलु खेतीका हिसावले प्रख्यात रहेको गुराँस गाउँपालिकाको वडा नं. ३ देखि ८ र डुङ्गेश्वर गाउँपालिकाको वडा नम्बर २, ३ र ४ मा आलु जोन कार्यक्रम लागु भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कर्णाली प्रदेश प्रमुख पौडेलले बताए । आलु जोन कार्यक्रम मार्फत किसानलाई आलु खेतीको क्षेत्र विस्तार, ५० प्रतिशत अनुदानमा बीउ वितरण, चक्लाबन्दी, दुई सय रोपनीमा सामुहिक आलु खेती, साना सिंचाई, औजार उपकरण वितरणको काम भईरहेको छ । वर्षेनी ३० देखि ५० लाख रुपैयाँ बजेट खर्च गरिरहेको आलु जोन कार्यक्रमबाट चालु आर्थिक वर्षमा गुराँस गाउँपालिका-३ पातिकान्लामा रस्टिक स्टोर निर्माण गर्ने तयारीमा छ । त्यस्तै दैलेखको चार वटा स्थानीय तहमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत बाख्रा जोन कार्यक्रम पनि सञ्चालनमा छ । नारायण नगरपालिकाको वडा नम्बर ४-१०, चामुण्डाविन्द्रासैनीको १-३, भैरबीको ६ र ७ तथा महाबुको ३-६ गरि १८ वडामा उक्त कार्यक्रम लागु छ ।

कार्यक्रमले बाख्रा खोर निर्माण, पशु नष्ल सुधार लगाएतका क्रियाकलाप सञ्चालन गरिरहेको प्रमुख पौडेलले बताए । 'दैलेखमा सुन्तला, आलु र बाख्रा जोन कार्यक्रम कार्यान्वयनमा छ, हरेक जोन अनुसार वर्षेनी ३०-५० लाख रुपैयाँ बजेट खर्च भईरहेको छ, तीन वटै जोन कार्यक्रम कार्यान्वउन भएदेखि हालसम्म आठ हजार एक सय ७६ घरपरिपार लाभान्वित भएका छन् ।'

# वनको राजाको वैंक खाता खोलिने

**◣भक्तबहादुर शाही**
**दैलेख, ६ बैशाख ।**

आफुलाई वनको राजा भन्न मन पराउने राउटे समुदायको नेपालमै पहिलो पटक बैंक खाता खोलिने भएको छ । सरकार दिँदै आएको सामाजिक सुरक्षाको भत्ता सहज रुपले उपलब्ध गराउने उद्देश्यले पहिलो पटक गुराँस गाउँपालिकाले वनका राजा (राउटे समुदाय) बैंक खाता खोल्न थालेको हो ।

भ्रमणशिल जीवन यापन गर्दै यो समुदाय आफुलाई वनको राजा भन्न मनपराउँछन् । राउटेलाई सामाजिक सुरक्षा भत्ता बुझ्न सहज होस भन्ने उद्देश्यले पहिलो पटक उनीहरूको बैङ्क खाता खोल्न लागिएको गुराँस गाउँपालिका दैलेखका अध्यक्ष टोप बहादुर बिसीले बताए ।

राउटे गुराँस गाउँपालिका-८ का बासिँदा हुन् । २०७५ असार ३० मा राउटेलाई गुराँस गाउँपालिकाले आफ्नो नागरिक बनाउन अस्थायी परिचय पत्र दिएको थियो । राउटेले सहजै परिचय पत्र बुझ्ेपनि आजभोली कसैसँग पनि परिचय पत्र छैन ।

बैङ्क खाता खोल्नका लागि सङ्कलन भएका विवरणले उनीहरूको पहिचान गर्न सहज हुने अध्यक्ष बिसीको भनाई छ । 'राउटे जाति जङ्गलमा फिरन्ते जीवन बिताउँदै आएको छ । उनीहरूलाई राज्यको मूल प्रवाहमा जोड्न बैङ्क खाता खोल्न लागिएको हो । बैङ्क खाता खोले पछि उनीहरू सरेको ठाउँमा भत्ता वितरण गर्न जाँदा लाग्ने राज्यको लगानीमा समेत कम हुन्छ', अध्यक्ष बिसीले भने ।

बैङ्कमार्फत उनीहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराए उनीहरूले गर्ने खर्चमा बचत हुने अपेक्षा गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत निदेश दाहालले बताए । खाता खोल्नका लागि हालसम्म १ सय ७ जना राउटेको विवरण सङ्कलन भइसकेको दाहालको भनाई छ ।

'राउटेको पहिलो पटक बैंक खाता खोल्ने प्रक्रिया सुरु गरेका छौं । उनीहरू जहाँ गए पनि संघीय सरकारले राउटेको सामाजिक सुरक्षा भत्ता गुराँस गाउँपालिकामा पठाउने गरेको छ । १ सय ३७ जना राउटे जनसंख्या मध्ये पालिकाले १ सय ७ जनाको विवरण संकलन गरिसकेको छ । अन्यको विवरण संकलनमा लागेका छौं', निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले भने ।

जङ्गलमा फिरन्ते जीवन बिताउँदै आएका राउटे हाल आजभोली यहाँको चामुण्डा वन्द्रासैनी नगरपालिका-७ पादुका खोलाको लामादुवालामा बस्दै आएका छन् । अहिले उनीहरूको संख्या १ सय ३७ रहेको छ । पछिल्ला वर्षहरूमा राउटेको संख्या घट्दो क्रममा छ ।

▶ बाँकी ४ पेजमा

# एन्फा महिला लिग-२०२४ छनौंट हुदै

**◣युग संवाददाता**
**सुर्खेत, ६ वैशाख ।**

यहि वैशाख ७ गते देखि हुने एन्फा महिला लिग-२०२४ छनौंट फुटबल प्रतियोगिता कर्णाली प्रदेशको सुर्खेतमा हुँदै छ । उक्त प्रतियोगिता यहि वैशाख ७ गते देखि २० गते सम्म हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको लागि सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश, बाग्मति प्रदेश, लुम्बीनी प्रदेश, मधेश प्रदेश, कोशी प्रदेश र गण्डकी प्रदेशका टीम सहभागि भएका छन् ।

एन्फा सुर्खेत जिल्लाका अध्यक्ष रविन्द्र चन्दका अनुसार अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजना तथा कर्णाली प्रदेश खेलकुद विकास परिषद् को समन्वय र जिल्ला फुटबल संघ सुर्खेतको सह-आयोजनामा उक्त प्रतियोगिताका हुन लागेको जानकारी दिए ।

साथै प्रतियोगिता सिंगल राउण्ड रोबिन लिगका आधारमा संचालन हुनेछ । शीर्ष ३ टिम एन्फा महिला लिग २०२४ को दोस्रो चरणमा प्रबेश गर्नेछ भने दोस्रो चरण प्रवेश गर्ने टिमले आर्मी फुटबल क्लब, सशस्त्र फुटबल क्लब, पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# उच्चस्तरिय छानविन समिति बनाऊ !

कर्णाली प्रदेश अस्पतालमा हरेक पटक हुने आमाहरुको असामहिक मृत्युहरुमा आफन्तहरु निष्पक्ष छानबिनको माग राख्छन भने अस्पताल प्रशासन हरेक पटक चुप लागेर बसिदिन्छ किन ? भन्ने प्रश्न आम मानिसमा छ । पछिल्ला केही प्रतिनिधिमूलक घटनाले यि प्रश्न पुनः एक पटक टड्कारो रुपमा जन्माएको छ । हरेक मानिसको बाँच्ने आशाको अन्तिम बिन्दु अथवा बचाउने भगवान हुने स्थान अस्पताल प्रशासनले यति धेरै त्रासपूर्ण वातावरण किन सिर्जना गरेको छ ? के हो कारण ? अरु हरेक कुरामा सहमतिमा पुग्न तयार हुने अस्पताल प्रशासन किन प्रदेश अस्पताल स्थापनाकालदेखि अहिलेसम्मका मिडियामा आएका र नआएकासहितका दर्जनौं आमाहरुको मृत्युका घटनाको निष्पक्ष छानविनको माग हुन्छ तर किन कहिल्यै छानविन समिति गठन हुँदैन ? के हो त रहस्य ?

२०७८ असोज २२ मा भर्ना भएकी दैलेखकी २ वर्षिय बालिका असोज २३ मा मारेको आरोप लाग्यो । छानविन समितिको माग भयो । घटनाका पिडितहरुलाई गलाएर थामथुम पारियो । त्यसैगरी २९ भदौ २०८० मा सुर्खेतको पञ्चपुर नगरपालिकाकि जानकी रेग्मीलाई अस्पताल प्रशासनको लापर्वाहीले मारेको आरोप लाग्यो आफन्तको । फेरी आठ्वीस नगरपालिका दैलेखकी २२ वर्षिया भिमा गुरुङलाई अस्पतालको लापर्वाहीका कारण मारेको आरोप लाग्यो । यि कुनै पनि घटनामा न आफन्तले लगाएको आरोपको अस्पताल नेतृत्वले उपयुक्त र चित्त बुझ्दो जवाफ दिन सक्यो, न त प्रतिवाद गर्न सक्यो न त मृत्यु प्रकरणका कुनै पनि अनुसन्धान रिपोर्ट पेश गर्न सक्यो । यि प्रतिनिधिमूलक घटनाले पनि पुष्टि गर्छ कि आफन्तले लगायका आरोप र आम नागरिकमा उब्जिएको प्रश्न र त्रास्दी पुरापुर सत्य नहोलान तर पुरै निराधार छ भनेर भन्ने आधार के छ त ? हालका मुख्यमन्त्रीको घरदेखि नजिकै दुरिमा रहेको कर्णाली प्रदेशको स्वास्थ्यको मेरुदण्ड रहेको कर्णाली प्रदेश अस्पतालको यो हालत र अवस्था देखेर के बिचार गरिराखेका होलान कुन्नी ?

आम नागरिकमा यसरी प्रश्नहरु उव्जिरहँदा त जिम्मेवार प्रशासन र आशालाग्दो नेतृत्वपंक्तिले निशंकोच समिति गठन किन नगर्ने ? यदि अस्पताल प्रशासनले गर्दैन भने कर्णाली प्रदेश सभा र त्यसका संसदहरुले सदनमा यो विषयले किन स्थान पाएन ? छानविन समिति अस्पताल प्रशासनले नचाहँदैमा मात्र नबनेको हो त ? यो पक्कै हुन सक्दैन । किन सक्दैन भने समिति गठन गर्ने कि नगर्ने भन्ने कुराको सर्वोच्च र अन्तिम निकायमात्र अस्पताल प्रशासन होईन । कर्णाली प्रदेश सरकार मातहतको एउटा निकाय अस्पताल हो । हालै नवनियुक्त मुख्यमन्त्री वीरेन्द्रनगर वडा नं. ४ निवासी हुनुहुन्छ । अस्पतालसंगै उहाँको निवास जोडिएको छ । बाहिरबाट सुन्दरदेखिने अस्पतालभित्रको भद्रगोल र बेथिति, विकृतिमा उहाँको नजर पुग्यो कि पुगेन ? पीडित नागरिकले आफ्ना जायज मागहरु शान्तिपूर्ण तरिकाले राख्न पाउने नागरिकको नैसर्गिक अधिकारभित्र पनि पर्छ होला नि ? छानविन समिति गठन हूनु भनेको अस्पताल प्रशासन नेतृत्व नै दोषि देखिनु पनि त होईन ? कि समिति बन्नु भनेको नेतृत्वपंक्ति सिंधै दोषि करार हुनु हो र ? होईन भने त छानबिन समिति गठन हुनु भनेको त अप्रेशनमा संलग्न किकित्सकिय जनशक्तिको जाँच र प्रयोग भएका मेसिन औजारको निरिक्षण, परिक्षण गर्ने कुरा पनि राम्रै त होला ? त्यहाँका मेसिन औजारमै त्रुटि पो छ कि ? यदि त्यो रहेछ भने पनि सुधार्ने मौका त होला ?

यो एउटा सामान्य पदमा जागिरमात्र खाएको व्यक्तिले चाहेर गर्न सकिने ढाकछोप होईन । यो त कि भने गल्ति गरेकाहरुको ढाकछोप गर्न नेतृत्वले मोटो रकमको बार्गेनिङ सफल पार्छ यात यस्ता घटनामा सिंधै नेतृत्वपंक्ति दोषि ठहर हुने भएर समिति नै गठन नगरेर भ्कारा टारिदिन्छन ? कि भने त अत्याधुनिक ढोल पिटेर ल्याईएका मेसिन उपकरणमा कमिशनको केमिकलले क्षतविक्षेत बनाएको छ । छानविन समिति बनाएमा त्यो पोल खुल्यो भने आफ्नो आजसम्म पापधर्मको समेत ख्याल नगरेर कमाएको आफ्नो साख माटोमा मिल्छ भनेर नै छानविन समिति बनाउन यति महाभारत भएको पक्कै होईन होला । यो आरोपमात्र हो भनेर प्रमाणीत गर्नका लागि पनि बनोस् न त उच्चस्तरिय छनविन समिति । आशा छ अस्पताल प्रशासनमै सिमित रहेन यो विषय अब कर्णाली प्रदेश सरकार र हालै नियुक्त मुख्यमन्त्रीको समेत अवस्था र कार्यदक्षता यहिबाट परीक्षण हुने भो । प्रदेश सरकार, प्रदेश सभाले तत्काल संसदीय छानविन समिति बनाओस र आगामी दिनमा धेरै आमाको ज्यान सुरक्षित बनाउनेतर्फ ध्यान पुगोस ।

## विदेश

# लोकसभा निर्वाचनको तयारीमा राजनीतिक दल

**नयाँदिल्ली, ६ वैशाख (रासस / एएनआई) ।**

भारतको विभिन्न प्रान्तमा हुने लोकसभा निर्वाचनको तयारी तीव्ररुपमा भइरहेको छ । लोकसभा चुनावको पहिलो चरण यही अप्रिल १९ मा सुरु हुँदैछ । निर्वाचनको प्रतिस्पधामा होमिएका दल र उम्मेदवारले आफ्नो पक्षमा जीत हासिल गर्न अनेक मेहनत गरिरहेका छन् भने निर्वाचन व्यवस्थापनसम्न्धी निकायले सुरक्षा र अन्य व्यवस्थापकीय तयारी जारी राखेको छ ।

**उत्तराखण्डमा हेलिकप्टरको प्रबन्ध**

निर्वाचनअन्तर्गत उत्तराखण्डमा सुरक्षित निर्वाचन सुनिश्चित गर्न हेलिकप्टरको प्रबन्ध गरिएको छ । उत्तराखण्डका अतिरिक्त मुख्य निर्वाचन अधिकारी विजयकुमार जोगदण्डेले सबै पाँच लोकसभा स्थानका लागि हुने निर्वाचनको मतदान केन्द्रमा भइरहेका तयारीबारे जानकारी दिँदै आपत्कालीन सेवाका लागि दुईवटा हेलिकप्टरको व्यवस्था गरिएको जानकारी दिनुभयो । उनले यपटकको मतदान हिंसा वा हताहतमुक्त हुने र कुनै आपतकालीन अवस्था नआउने बताए ।

"एउटा हेलिकप्टर गढवालमा र अर्को खकुमाउमा तैनाथ गरिने र तिनलाई आपतकालीन उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ । यसपटकको मतदान हताहत वा हिंसामुक्त हुनेछ, कुनै आपतकालीन अवस्था आउने छैन" जोगडाँडेले भने ।

पहाडी प्रदेशमा मतदाताको सहभागिता बढाउन राज्यभर ११ हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरिने भएको छ । यसैबीच, उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले बुधबार नैनीतालमा पत्रकारहरूसँग कुरा गर्दै लोकसभा चुनावमा ठूलो संख्यामा सहभागी हुन मतदाताहरूलाई आग्रह गरेका छन् ।

पूर्व मुख्यमन्त्री रावतर हरिद्वारमा पूर्व मुख्यमन्त्रीका छोराबीच प्रतिस्पार्धा

हरिद्वार र उत्तराखण्डको अन्य चार लोकसभा निर्वाचन क्षेत्रहरूमा अप्रिल १९ मा आम चुनावको पहिलो चरणमा मतदान हुनेछ ।

यस क्षेत्रमा भारतीय जनता पार्टीका नेता तथा उत्तराखण्डका पूर्व मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावत र उत्तराखण्डका पूर्व मुख्यमन्त्री हरिश रावतका छोरा कांग्रेसका वीरेन्द्र रावतबीच प्रतिस्पर्धा हुने भएको छ ।

हरिद्वार संसदीय क्षेत्र कुल १४ विधानसभाहरू मिलेर बनेको छ । बिजेपीले सन् २०१९ र २०१४ को लोकसभा चुनावमा हरिद्वारका सबै सीटमा जित हाँसिल गरेको थियो । उत्तराखण्डमा परम्परागत रूपमा भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा देखिएको छ । दुवै पार्टीले राज्यलाई आफ्नो राष्ट्रिय सङ्कल्प अनुसार सञ्चालन गर्न आवश्यक युद्धभूमिको रूपमा हेर्छन् ।

सोनितपुर जिल्ला निर्वाचन कार्यालयले बिहीबार पहिलो चरणको निर्वाचनका लागि मतदान कर्मचारीहरूलाई आ आफ्नो मतदान केन्द्रहरूमा पठाएको छ । डिब्रुगढ, जोरहाट, लखिमपुर, सोनितपुर र काजिरंगामा पहिलो चरणको निर्वाचन अप्रिल १९ मा हुँदैछ ।

**मतदान कर्मचारी र सुरक्षाकर्मी खटिए**

सोनितपुर संसदीय क्षेत्रका लागि बिहीबार असमको सोनितपुरको दराङ कलेजबाट मतदान टोली र सुरक्षाकर्मी पठाउन थालिएको छ । अतिरिक्त जिल्ला आयुक्त कविता काकती कोनवरले सोनितपुर आवश्यक मतदान कर्मचारीहरू मतदानमा संलग्न हुने जानकारी दिए ।

पालिका विशेष

# श्रमदानबाट समृद्धि देखेका मेयर भाम







✍ **रमेश रावल**

> 'मेरो ५ वर्षको सेवा सुविधाले ३ वटा एम्बुलेन्स आउछ होला । दुई वटा चाही नगरपालिकालाई दिन्छु । एउटा चाहि आफै हाँकेर सेवा गर्ने विचार गरेको छ ।'

छायाँनाथ रारा नगरपालिका प्रमुख विष्णुकुमार भाम राजनीतिकलाई सेवा हो भनेर उनी राजनीतिकमा होमिए । युवा उमेरमा नै राजनीतिक होमिएका दिनदेखि नै दिनदुखीको सेवा गर्नु श्रममा विश्वास गर्ने गरेका छन् । धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ प्रायः श्रमदान गरिरहेकै भेटिन्छन्, यो सबैलाई थाहा छ । तर, मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिकाका मेयर विष्णुकुमार भामले गरेको श्रमदान भने प्रायः लाई थाहा छैन । उनी पनि हर्ककै शैलीमा श्रमदान गर्छन् । तर, उनी प्रचार प्रसार र सामाजिक सञ्जाल धेरै चलाउन चाहदैनन् ।

२०७४ सालको स्थानीय निर्वाचनमा सोही नगरपालिका वडा नं. ४ को वडाध्यक्ष बनेका भाम २०७९ सालको निर्वाचनमा नगरपालिको प्रमुखमा बाजी मारे । वडाध्यक्ष हुँदादेखि नै जनश्रमदानबाट काम गर्न सुरु गरेका उनले ढुङ्गा बोकेरै विद्यालयदेखि धारासम्मका संरचना बनाएका छन् ।

श्रमदानबाटै उनले नगरपालिकाभित्र बसपार्क, चैनाखोला वैकल्पिक नाला र गोरेटो बाटो, खानेपानी धारा, जिल्ला अस्पताल मुगुमा खानेपानी धारा, अल्का साँगु काठे पुल, बोटुधारा चौतारा लगायतका संरचना बनाएका छन् । 'मैले साना-तिना काम श्रमदानले पनि गर्न सकिन्छ भनेर बजेटको व्यवस्थापन गरिनँ ।,' मेयर भाम भन्छन्, 'टुक्रे योजनामा बजेट हाल्नुभन्दा श्रमदान गरेर नै विकास गर्छु भन्ने सोचेको छु ।'

साना टुक्रे योजना वितरणमुखी बजेट बन्द गरेको र साना योजना श्रमदानबाट प्रत्येक शनिवार काम गर्ने गरेको मेयर भाम बताउँछन् । यद्यपि उनी सञ्चार माध्यममा खासै आउँनै चाहँदैनन् । 'मैले पाउने सुविधाबाट एम्बुलेन्स किन्छु, पाहुना बोलाएर खाँदा ओढाउँदिन ।'

भाम पाहुना बोलाएर खादा-माला लगाउने प्रचलन आफूले हटाएको बताउँछन् । 'म आफू पनि कुनै कार्यक्रममा जाँदा खादा-माला लगाउँदिन । अरुलाई बोलाएर पनि लगाउने परामपराको विकास गर्दिन,' उनले भने । उनी यो परम्परामा एक प्रकारको चाकडीबाज देख्छन् ।

त्यसा त दुई वर्षसम्म उनले नगरबाट कुनै सेवा-सुविधा लिएका छैनन् । अभ्कै थप सेवा-सुविधा नलिने उनी उद्घोष गर्छन् । 'नगरबाट अतिरिक्त सेवा-सुविधा लिन्न,' उनले भने । आफूले मिनिरल वाटर समेत नखाने प्रण गर्छन् । 'अहिले नगरपालिकामा आउने चैन धारोबाट पानी ल्याएर प्यास मेटाइरहेको छु । नागरिक सामु गरेका बचनलाई आत्मसाथ गर्दे सानो रकम मौज्दात रहे गरिब-दुःखीलाई केही राहत पुग्ने हेतुले काम गरिरहेको छु' उनले भने । उनले नगरपालिकाबाट मोबाइल खर्च, क्वार्टर, रासनलगायतका खर्च लिएका छैनन् । त्यो रकम जम्मा गरेर एम्बुलेन्स किनेका छन् भामको ।

**'राजनीति विशुद्ध सेवा हो'**

कार्यालयको समय सकिएपछि भाम आफ्नै करेसाबारीतिर भेटिन्छन् । 'कहिले काँही राजनीतिक भेटघाटका लागि हिंड्नैपर्ने हुन्छ । त्यस बाहेक कार्यालयबाट बचेको समय म आफ्नै बारी/करेसाबारीमा लगाउँछु ।' उनले भने, 'मैले नगरपालिकाको काम सकिएपछि बिहान-बेलुकी बारीमा तरकारी फलाउने गर्छु । बिहान-बेलुका त्यसैले छाक टार्छु ।'

राजनीतिलाई विशुद्ध सेवाको रूपमा अर्थ्याउँछन् प्रमुख भाम । जनप्रतिनिधिहरूले तलब-भत्ता लिन नहुने मान्यता छ उनको । 'वडा सदस्यदेखि राष्ट्रपतिसम्मको सबै जनप्रतिनिधिहरूको सेवा-सुविधा (तलब) हुनुहुँदैन ।' उनको मान्यता छ, 'राजनीतिक सेवा हो, पेसा होइन ।' २०७४ सालको स्थानीय निर्वाचनमा वडा नं. ४ को वडाध्यक्ष बनेका भाम २०७९ मा भएको निर्वाचनमा मेयर बनेका हुन् ।

**अन्तरजातीय विवाह गर्ने जोडीलाई एक लाख**

छायाँनाथ रारा नगरपालिकाकाले अन्तरजातीय विवाह गरेका एक जोडीलाई प्रोत्साहन स्वरुप एक लाख उपलब्ध गराउँदै आएको छ । छायाँनाथ रारा नगरपालिकाले १२ औं नगर सभामा अन्तरजातीय विवाह गर्ने जोडीलाई एक लाख प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरेको थियो । छाँयानाथ रारा-१० चरापगाउँका २५ बर्षिय देवीकृष्ण कामी र सोरु गाउँपालिका-४ लिब्रकी २४ वर्षीया रञ्जिता बुढाले अन्तरजातीय विवाह पहिलो पटक एक लाख रुपैया दिएर सम्मान गरेको थियो ।

**आफैं ओसार्छन एम्बुलेन्समा बिरामी**

नगर प्रमुख भाम आफैंले यो हप्ता चार पटकमा चार जना बिरामीलाई अस्पताल पुऱ्याउने गरेका छन् । बचेको समयमा आफैंले एम्बुलेन्समा अस्पताल पुऱ्याएको नगर प्रमुख भामले बताए । उनले भने, 'सर, म अहिले नगर प्रमुखको कुर्सीमा बसेर सेवा गर्दैछु । बिहान र बेलुका भईपरी आउँदा आफैं एम्बुलेन्स चलाउँछु । मैलै एम्बुलेन्सकै लागि भनेर आठ महिना अघिमात्र लाइसेन्स निकालेँ ।'

नगर प्रमुख भामका अनुसार नगरपालिकामा एक जना मात्रै एम्बुलेन्स चालक छ । एम्बुलेन्स चालक बिदामा बस्दा वा चालकले नभ्याउँदा नगर प्रमुख आफैंले एम्बुलेन्स हाँक्ने गरेको उनी बताउँछन् । समृद्ध छायाँनाथ रारा नगरपालिका बनाउन सरसफाई अभियान, श्रमदान अभियान लगायतका विभिन्न अभियान सञ्चालन गर्दै आएको छन् ।

खाली समयमा बिरामीहरुको उपचारको लागि अस्पतालसम्म लैजान सहयोग गर्ने र अब एम्बुलेन्स चालक बिदामा बस्दा होस् वा आफ्नो खाली समयमा बिहान-बेलुका आफैंले एम्बुलेन्स हाँकेर बिरामीलाई सेवा दिइने उनले प्रतिबद्धता जनाए ।

साथै उनले चुनावताका नै सेवा सुविधा नलिने घोषणा गरेको स्मरण गर्दै भने, 'मेरो ५ वर्षको सेवा सुविधाले ३ वटा एम्बुलेन्स आउछ होला । दुई वटा चाही नगरपालिकालाई दिन्छु । एउटा चाहि आफै हाँकेर सेवा गर्ने विचार गरेको छ ।' उनले आफ्नो कार्यकाल सक्ने बेला उक्त प्रतिबद्धता अनुसारको एम्बुलेन्स खरिद गर्ने बताएका छन् । एम्बुलेन्स चलाउनकै लागि लाइसेन्स निकालेका छायाँनाथ रारा नगरपालिकाका नगर प्रमुख भामले ।

**विपन्न विद्यार्थीका लागि अक्षय कोष**

नगरपालिकाले गरिब विपन्न विद्यार्थीको अक्षय कोष स्थापना गरिएको छ । त्यसबाट आपतविपतमा परेका नागरिकलाई त्यसैबाट सहायता उपलब्ध गराउँदै आएको छ । गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्न साथै न्यून आयस्रोत भएका तथा विपन्न घर परिवारका बालबालिकालाई पठन पाठनमा सहज होस् भन्ने उद्देश्यले अक्षय कोषको स्थापना गरिएको छ ।

**नगर बस सेवा सञ्चालन**

नगरपालिकाले पहिलो पटक आफ्नो नगर क्षेत्रभित्र सर्बसाधारणका लागी नगर बस सेवा सञ्चालनमा ल्याएको छ । नगरपालिकाले ८४ लाख रुपैयाँमा दुई वटा बस खरिद गरी आफ्नो नगर क्षेत्रका केही स्थानहरुमा पहिलो पटक सर्बसाधरणका लागी नगर बस संचालनमा ल्याएको हो ।

नगरपालिकाभित्रका ३४ रुटमध्ये पहिलो चरणमा सदरमुकाम गमगढीबाट आठ वटा रुटमा नगर बसले सेवा दिने नगरपालिकाकले जानकारी दिएको छ । नगरपालिका-१४ बाम गाउँसम्मको २२ किलोमिटरसम्मको रुटमा बस सञ्चालन भइरहेका छन् ।

नगरपालिकाको १४ वडाका ८७ बस्ति मध्ये दुई बस्तिमा अझै सडक पुगेको छैन । अन्य सबै बस्तिमा सडक पुगेको भए पनी सर्बसाधारणले सहुलियत दरमा यातायात गर्न पाएका थिएनन् । गमगढीदेखी बाम गाउँसम्म भाडा जिपहरुले प्रति ब्यक्ति एकतर्फी ६ सय रुपैयाँ भाडा लिने गरेका छन् । नगरपालिकाले आफ्नो सेवामार्फत प्रति ब्यक्ति ३ सय र अपाङ्गता भएका ब्यक्ति र जेष्ठ नागरिकहरुलाई नगरबस सञ्चालन कार्यबिधी अनुसार भाडामा छुट हुने नगरपालिकाले जनाएको छ ।

**एक मुख दश रुख अभियान**

नगरपालिकाले 'एक मुख दश रुख' को अभियान सञ्चालन गरेको छ । नगरपालिका भित्र प्रभावित क्षेत्रको रोगथाम तथा हरित नगर बनाउने उद्देश्यका साथ छायाँनाथ रारा नगरपालिकाकाले 'एक मुख दश रुख' अभियान संचालन गरेको हो ।

नगरपालिकाले नीति तथा कार्यक्रममा 'एक मुख दश रुख' हरित नगर बनाउने अभियान सञ्चालन गर्ने नीति नगर प्रमुख बिष्णुकुमार भामले बताए । 'पहिरो जाने स्थानमा पहिरो रोगथामका लागि वृक्षारोण गरिने र बिशेष गरी हरित नगर बनाउने उद्देश्य रहेको छ ।'

उनले भने, 'प्रत्येक नागरिकले अनिवार्य आफनो गाउँ टोल तथा सार्वजनिक स्थलमा एक जना नागरिकले १० रुख लगाउनु पर्नेछ ।

▶▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ । घर व्यवहारमा भ्कमेला रहला, तर साँझमा मन प्रसन्न रहला । |
| वृष | आज शुभ कार्यमा सरिक भइनेछ । नयाँ बिजनेश प्लान बन्नेछ । आफन्तसँग भेटघाट पनि हुनेछ, तर यातायात वा वाहनमा खर्च भने बढ्नेछ । |
| मिथुन | आज शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । वशिष्ठ व्यक्तिको साथ पाइनेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । |
| कर्कट | आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| सिंह | आफन्तका बीचमा खटपट र शङ्का उब्जनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । मनमा निराशा र शरीरमा आलस्य आउला । |
| कन्या | आज दैनिक कार्यमा सफलता पाइनेछ । राजनैतिक, सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । प्रेमसम्बन्धका लागि पनि श्रेष्ठ समय रहेको छ । |
| तुला | लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । कुनै कुराले मनमा शान्ति छाउला । अचल सम्पत्तिको कारोबार हुनेछ । दाम्पत्य जीवन सुखमय रहनेछ । |
| वृश्चिक | आज महिलाहरूबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । मङ्गल र शुभ कार्यमा सरिक भइनेछ । बजारको यात्रा पनि हुनेछ । |
| धनु | आज मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| मकर | इनाम र प्रतिष्ठा कमाउने वेला छ । घरमा अतिथिको आगमन हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ, तर यात्राको क्रममा सचेत रहनु पर्छ । |
| कुम्भ | आज लाभहानी, सुखदुःख बराबरी मध्यम खालको दिन छ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । सफल यात्राको योग पनि छ । |
| मीन | आज दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |

# यार्सा पाटन जाने तयारीमा जुटे हिमाली जिल्लाका नागरिक





◣युग संवाददाता
सुर्खेत, ६ वैशाख ।

कर्णाली प्रदेशका हिमाली जिल्लामा यार्सागुम्बा टिप्ने सिजन शुरु हुन थालेका छ। कर्णाली प्रदेशका मुगु, हुम्ला, जुम्ला, डोल्पा र रुकुमपश्चिम जिल्लाका स्थानीय यार्सागुम्बा टिप्न पाटनतिर जाने तयारी थालेका हुन् ।

कर्णाली प्रदेशका हिमाली जिल्लाको प्रमुख आयस्रोत भएको यार्सागुम्बा टिप्न एक महिनाअघि देखिन नै स्थानीयले तयारी थालेका छन् ।

कर्णाली प्रदेशका यार्सागुम्बा पाइने जिल्लाका स्थानीयहरुले पाटन लैजाने खाद्यान्नको तयारी एक महिना अघिदेखिनै जोहो गर्न थालिसकेको मुगुको कार्मारोङ गाउँपालिका पुलुका स्थानीय पाल्तेन लामाले बताए। 'यहाँका मानिसहरुको प्रमुख आयस्रोत भनेको नै यार्सागुम्बा हो ।' उनले भने, 'यहाँका मानिसहरुले यार्सागुम्बा टिप्न जाने एक महिना अगाडिदेखि नै तयारी गर्ने गरेका छन् ।'

त्यस्तै, हिमाली जिल्लामा यार्सागुम्बा टिप्ने समयमा विद्यालय बन्द हुने भएकोले मुगु र डोल्पाका केही विद्यालयले पाटनमै घुम्ती विद्यालय चलाउने तयारी थालेका छन् । जेठदेखि असार महिना हिमाली जिल्लाका विद्यार्थी तथा शिक्षकहरु यार्सागुम्बा टिप्न पाटन जाने भएकाले घुम्ती विद्यालय सञ्चालनको तयारी थालिएको हो ।

अझ कतिपय गाउँहरुमा छोराछोरीसहित गाउँलेहरु सबै नै यार्सागुम्बा संकलन गर्न लेकतिर जाँदा थुप्रै विद्यालयहरु यार्सागुम्बाको सिजनमा विद्यार्थी शून्य भई बन्द हुने गरेका छन् । सबै पाटनमा यार्सागुम्बा टिप्न जाने मानिसहरुको सुरक्षाकको प्रवन्ध सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायले सुरक्षा रणनीति तयार पारी लागु गरिएको जिल्ला प्रहरी कार्यालय मुगुले जनाएको छ । कार्यालयका अनुसार सुरक्षाकर्मी यार्सागुम्बा संकलनको समयमा विगतका वर्षहरुमा झै यस वर्ष पनि सुरक्षाकर्मी खटाइने जनाएको छ।

**पहिलो पटक कर्णालीमा भेटिएको थियो यार्सागुम्बा**

नेपालमा पहिलो पटक यार्सागुम्बाको संकलन पोलुनिन्, साइकस र विलियम्सूले सन् १९५२ मा जुम्लाको चाकुरे लेकबाट गरेका थिए। त्यसपछि जडीबुटी विभाग, थापाथली र निर्मलकुमार भट्टराईले मुगुबाट यसको संकलन गरेको एक अध्ययनमा उल्लेख छ।

त्यस्तै, डोल्पामा विसं. २०४५ देखि यार्सागुम्बाको कारोवार हुन थालेको र त्योभन्दा पहिला स्थानीय वासिन्दालाई यसबारे खासै थाहा नभएको डोल्पाका पुराना यार्सागुम्बा व्यापारी सान्जेन लामाले बताए। 'वि.सं. २०४५ तिर यार्सागुम्बा प्रति केजी सात सयमा विक्री हुने गर्दथ्यो,' उनले भने, 'विसं. २०६६ सालतिर अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको मूल्य एक्कासी आकासिन पुग्यो, त्यतिखेर यार्सागुम्बाको मूल्य प्रति किलो दुई लाखदेखि तीन लाख ५० हजारसम्म पुग्यो ।'

नेपालमा पाइने यार्सागुम्बामध्ये डोल्पामा पाइने यार्सागुम्बा सबैभन्दा बढी गुणस्तरीय रहेको मानिन्छ। फलस्वरुप डोल्पामा पाइने यार्सागुम्बाको माग र मूल्य दुबै उच्च रहेको छ।

**हिमाली जिल्लाको अर्थतन्त्र चलायमान**

यार्सागुम्बा संकलन गर्न थालेपछि विगत केही वर्षदेखि कर्णालीका हिमाली जिल्लाका बासिन्दाहरु वहुमल्य जडिवुटी यार्सागुम्बाको संकलन तथा बिक्री वितरणमा बढ्दो आकर्षणसँगै हिमाली अर्थतन्त्र चलायमान हुँदै आएको छ । नागरिकको आय आर्जन, रोजगारी एवम् पूर्वाधार विकास लगायत विविध आर्थिक गतिविधिहरु गतिशील हुन पुगेका छन्।

यार्सागुम्बाको उत्पादन तथा विक्री वितरणका कारण नेपालको गरिबी निवारण तथा समावेशी आर्थिक विकासमार्फत् समग्र देशको अर्थतन्त्रमा योगदान पुगेको कर्णाली योजना आयोगका पूर्व सदस्य डा. दीपेन्द्र रोकायले बताए।

'आर्थिक कारोवारको विस्तारसँगै त्यस क्षेत्रको मौद्रिकीकरण विस्तार भएको पाइन्छ।' उनले भने,'हिमाली जिल्लाका धैरैजसो आदिवासी र पिछडिएका जनताको आम्दानी तथा रोजगारीका अवसरहरु सृजना भएका छन्।' बढ्दो आम्दानीसँगै हिमाली वासिन्दाको वचतमा वृद्धि हुन गई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा बढेको लगानीस्वरुप मानव संशाधन विकासमा सकारात्मक प्रभाव परेको छ।

विद्यालय, बाटोघाटो, पुलपुलेसा, नयाँ घर निर्माण जस्ता पूर्वाधारको निर्माणबाट अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुगेको छ । यार्सागुम्बाको कारोवारसँगै बैंक तथा वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिले वित्तीय पहुँचमा अभिवृद्धि भएको राष्ट्र बैंकको एक अध्ययनले बताएको छ।

**कहाँ निर्यात हुन्छ नेपाली यार्सागुम्बा ?**

कर्णाली प्रदेशबाट गत आर्थिक वर्ष २०७९/८० मा ३२ हजार केजी जडीबुटी निकासी भएको छ। जडीबुटी निर्यातबाट दुई करोड ९४ लाख राजश्व संङ्कलन भएको थियो। त्यसमध्ये दुई करोड हाराहारी रावश्व यार्सागुम्बा रहेको कर्णाली प्रदेश वन निर्देशनालयले जनाएको छ।

नेपालबाट विभिन्न मुलुकमा यार्सागुम्बा निर्यात हुँदै आएको छ। चालू आर्थिक वर्षको ६ महिनामा नेपालबाट ५८ करोड ४१ लाख ५० हजार रुपैयाँ बराबरको एक हजार एक सय ६९ किलो यार्सागुम्बा निर्यात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ।

कम्बोडियामा ५० किलो यार्सागुम्बा निर्यात गर्दा तीन करोड ४६ लाख ५० हजार रुपैयाँको आर्जन भएको छ। यस्तै, चीनमा तीन सय २७ किलो यार्सागुम्बा निर्यात हुँदा २१ करोड ७१ लाख ९३ हजार रुपैयाँ निर्यात भएको छ।

हङकङमा तीन सय ९५ किलो यार्सागुम्बा निर्यात गर्दा २५ करोड ९७ लाख ८५ हजार रुपैयाँ आर्जन भएको छ। मलेसियामा ३३ लाख ६५ हजार रुपैयाँ बराबर रकमको १२ किलो यार्सागुम्बा निर्यात भएको छ।

सिंगापुर २० किलो यार्सागुम्बा निर्यात भएको छ। सो बराबर एक करोड ५४ लाख २० हजार रुपैयाँ भित्रिएको छ। बेलायतमा १९ किलो यार्सागुम्बा निर्यात गर्दा ९५ लाख ६६ हजार रुपैयाँ आर्जन भएको छ। अमेरिकामा ७२ लाख १४ हजार रुपैयाँ बराबर ११ किलो यार्सागुम्बा निर्यात भएको छ।

भियतनाममा तीन करोड छ लाख ३५ हजार रुपैयाँ बराबर एक सय ३२ किलो यार्सागुम्बा निर्यात भएको छ। अन्य विभिन्न मुलुकमा नौ लाख २२ हजार रुपैयाँ बराबर तीन किलो यार्सागुम्बा निर्यात भएको विभागको तथ्याङ्कमा उल्लेख छ।

# 'पढाई कुना' ले सुधार्दै सिकाइस्तर

◣गोल्डेन बुढा
जुम्ला, ६ वैशाख ।

जुम्लाको कनकासुन्दरी गाउँपालिका-७ आभास कार्कीको पढ्ने बानीमा अहिले धेरै परिवर्तन आएको छ। स्थानीय मालिकमा माध्यमिक खिच्चने विद्यालयमा कक्षा-१ मा अध्ययनरत आभासको विद्यालयमा ध्यान दिएर पढ्ने भए पनि घरमा पढ्ने बानी पटक्कै थिएन।

अहिले घरमा 'पढाइ कुना' बनाएपछि कार्कीको पढ्ने बानी र व्यवहारमा परिवर्तन आएको हो । आभासको घरमा अहिले एक कोठालाई विभिन्न शैक्षिक सामग्री टाँसेर सिकाइमैत्री कोठा अर्थात् पढाइ कुना बनाइएको छ । आभासको पढाइ कुनामा कापी, कलम, पोसाक राख्ने ठाउँ छ । विद्यालयबाट घर फर्केपछि कार्कीले झोला र विद्यालय पोसाक व्यवस्थित तरिकाले राख्ने गरेको आमा जीवन कार्कीले बताइन्।

'पहिले घरमा पढ्ने बानी थिएन, पढाइ कुना बनाएपछि छोराको घरमै पढ्ने बानी परेको छ', जिवनले भनिन्, 'हामीलाई यस्तो पढाइ कुना भन्ने थाहा थिएन, सरहरुले सिकाएर बनाउन लगाउनुभयो, अहिले धेरै राम्रो भएको छ ।' यस्तै सोही गाउँपालिका-६ स्मृति पछाई हरेक दिन विद्यालयबाट घर फर्किएपछि सरासर पढाइ कुना भएकै कोठामा गएर गृहकार्य गर्न सुरु गर्छिन्। उनी त्यही कोठामा पढ्छिन्।

'पहिले घरमा पढाइ कुना नहुँदा नियमित पढ्ने बानी थिएन, आजभोलि नियमित पढ्न मन लाग्छ", स्मृति भन्छिन्, 'पढाइ कुना बनाइएको कोठामा जाउँ जाउँ लाग्छ, पढौँ पढौँ लाग्छ, पहिले घरमा पढ्नै मन लाग्दैन्थ्यो, विद्यालयमा मात्रै पढ्ने हो जस्तो लाग्थ्यो, अहिले विद्यालयभन्दा घरमा बनाइएको पढाइ कुनामा बढी पढ्न मन लाग्छ।'

पढाइ कुनामा रहेका बालबालिकालाई घरमा बुबाआमाले पनि नियमित पढे, नपढेको विषयमा सोधखोज गर्ने गरेका छन् । यसले नियमित गृहकार्य गर्ने, पढ्ने बानीको विकास हुनाका साथै शैक्षिक सामग्रीको सुरक्षा र व्यक्तिगत सरसफाइमा निकै सुधार भएको कनकासुन्दरी गाउँपालिका-६ स्थित आधारभूत विद्यालय गोरुचौरका प्रधानाध्यापक गणेशप्रसाद आचार्यले बताए । पढाई कुना सञ्चालन भएपछि बालबालिकामा पढाइप्रति रुचि बढेको र सिकाई स्तरमा पनि सुधार आएको आचार्य बताउँछन्।

त्यस्तै सिंजा गाउँपालिका-३ कै कृतिम रेग्मीको घरमा पनि पढाइ कुना छ । उनी हरेक दिन विद्यालयबाट घर आउँदा पढाइ कुना भएकै कोठामा जान्छिन्। उनले लगाउने कपडा, विद्यालयको पोसाक र शैक्षिक सामग्रीहरू त्यही राख्छिन्। उनी विद्यालयबाट दिएको गृहकार्य त्यही गर्छिन्।

त्यही कोठामा पढ्छिन्। यता हिमा गाउँपालिका-१ बड्की गाउँकि सृजना शाहीको घरमा पढाइ कुना नहुँदा नियमित पढ्ने बानी थिएन्। आजभोलि नियमित पढ्छिन्। उनले भनिन्छ अहिले विद्यालयभन्दा घरमा बनाइएको पढाइ कुनामा बढी बढ्न मन लाग्छ।' आभास, स्मृति, कृतिम र सृजनाको घरमा मात्र होइन । सिंजा क्षेत्रका तीन गाउँपालिकाका ३ सय घरधुरीमा पढाई कुना निर्माण गरिएको छ। कनकासुन्दरी गाउँपालिका र प्लान इन्टरनेशनल नेपाल, पेश नेपाल जुम्लाको साझेदारी सञ्चालित र कनकासुन्दरी गाँउपालिकाको समन्वयमा आधार परियोजना अन्तर्गत एक घर एक पढाईकुना कार्यक्रम सुरु गरिएको पेश नेपाल जुम्लाका सुपरिवेक्षक विर्ख बिष्टले बताए।

हिमामा एक सय २०, सिंजामा ६० र कनकासुन्दरी गाउँपालिकामा ९३ गरी कुल करिब दुई सय ७३ वटा पढाई कुना निर्माण गरिएको उनी बताउँछन्।

'विद्यार्थीको सिकाइस्तर कमजोर भएका परिवारमा अभिभावक शिक्षा कार्यक्रममार्फत अभिभावकबाटै आफ्ना बालबालिकाको सिकाइ सुधारका लागि पहिलो पाठशाला घर बनाउन असल अभ्यासको सुरुआत गरेका छौं', पेस नेपाल जुम्लाका अध्यक्ष किशोर न्यौपानेले भने, 'पढाइ कुनाले अहिले बालबालिकाको घरमा पढ्ने बानी बस्नाका साथै दैनिक क्रियाकलाप नै फेरिएको छ।' सिंजा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शंकर धितालले पढाइ कुनाले बालबालिकाको सिकाइस्तरमा सुधार आउनाका साथै अभिभावक पनि बालबालिकाको पढाइप्रति सचेत भएको पाइएको बताए।

श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।
- "श्रमको सम्मान, राष्ट्रको अभियान"
- अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## श्रमदानबाट...

जिल्लाका सरकारी कार्यालय, संघ संस्था, बिद्यालय, स्वास्थ्य संस्थाले आफनो कार्यालय परिसर तथा सार्वजनिक स्थल सबैमा आफुलाई पायक पर्ने स्थानमा एक जना ब्यत्तिले १० रुख विरुवा अनिवार्य रोप्नु पर्नेछ।'

**दलित नीति बनाउने पहिलो पालिका**

नगरपालिका भित्रका वडामा प्राथमिक विद्यालय टाढा भई बालबालिकालाई पठनपाठनमा असहज भएका गाउँ वस्तीमा बाल बिकास केन्द्र स्थापना, नगरपालिकाभित्रका सबै विद्यालयमा कम्प्युटर कक्षा तथा इन्टरनेट जडान गरिनुका साथै विपन्न तथा गरीव परिवारका विद्यार्थीका लागि छात्रवृत्ति सहयोग गर्ने नीतिलिएको छ।

नगरपालिका भित्रका एकदेखि चौध वडासम्मका दलित घरपरिवारलाई दशैं भत्ता उपलब्ध गराउने र दशैंभत्ता वापत पहिलो चरणमा २५ सयका दरले दशैं भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने नीति नगरपालिकाले लिएको छ । नगरपालिकामा विभिन्न सडक दुर्घटना, बाढी, पहिरो आगलागीको उच्च जोखिममा रहेकाले, विपत्त व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै, विपत व्यवस्थापन कोषको स्थापनालगायत दमकलको व्यवस्था गर्ने लक्ष्य राखेको छ। शारीरिक, मानसिक, सामाजिक रुपमा पिछडिएकालाई उपचारको व्यवस्था गर्ने नीति नगरपालिको रहेको छ।

# उर्थुमा रैथाने बीउ मेला प्रदर्शनी

◣युग संवाददाता
जुम्ला, ६ वैशाख ।

'कृषि उत्पादन बढाऔं, परनिर्भरताको अन्त्य गरौ' भन्ने मूलनाराका साथ आयोजित रैथाने स्थानीय बीउ प्रदर्शनी मेला तथा बीउ ऐँचोपैँचो कार्यक्रममा निकै रौनकता थियो।

महिला कृषकहरुले उत्कृष्ट कृषि बिउँविजन प्रदर्शनी गरे । जुम्लाको पातारासी गाउँपालिका-६ मा रहेको पातारासी युवा सञ्झाल,हातेमालो बहुउद्देश्यीय सहकारी संस्था जुम्ला र लक्ष्मी सामुदायिक बचत तथा ऋण सहकारी संस्था पातारासी उर्थुले वडा नम्बरको ६ र ७ कार्यालयको सहयोगमा राखिएको रैथाने स्थानीय बिउँ प्रदर्शनी मेला तथा बीउ ऐँचो पैँचो कार्यक्रमले किसानलाई कृषिमा प्रोत्साहन गर्न सहयोग मिलेको सहभागी किसानले बताएका थिए।

सहभागी किसानले उत्पादनमा आधारित, ढुवानी अनुदान, बजारीकरणमा सहजीकरण गर्न स्थानीय सरकारसँग माग समेत गरे । पातारासी गाउँपालिकाका ६ र ७ वडा र जुम्लाको चन्दननाथ नगरपालिकाले -९ वडाका किसानले समेत रैथाने स्थानीय बिउँ प्रदर्शनीका लागि ल्याएका थिए।



उक्त मेला स्थानीय आलु,मकै,फापर,चिनो,कागुनो,कोदो,फर्सी(कदु), सिमी,भाँगो, तिलखुरो,मार्से,मार्सी चामल, ओखेर, ढटेलो, गाजर, तोरी, जौं, भटमास लगायतका रैथाने बिउँबिजन प्रदर्शनी गरिएको लक्ष्मी सामुदायिक बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष मालिका थापाले बताइन् । सामाजिक सेवा अध्ययन केन्द्र ललितपुर, हातेमालो नेपाल जुम्ला आर्थिक सहयोग तथा वडा नम्बर ६ र ७ को समन्वय थियो।

प्रदर्शनी मेलामा ११ वटा रैथाने बीउँको स्टल राखिएका थिए। स्थानीय बालीको प्रवर्द्धन गर्ने उद्देश्य छारैथाने बाली लोप हुँदै गएपछि बालीको उत्पादन बढाउन र प्रवर्द्धन गर्न मेला प्रदर्शनी गरिएको हातेमालो नेपाल जुम्लाका कार्यकारी निर्देशक टेकबहादुर रावतले बताए।

मेलामार्फत स्थानीय बालीको प्रयोग गर्ने व्यवहार सुधार गरी बाह्य आयात निरुत्साहित गने लक्ष्य उनको भनाइ छास्थानीय खाद्य मेलाले स्थानीय बालीको संरक्षणमा ठूलो टेवा पुग्ने पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले बताइन्।

पछिल्लो समय रैथाने बालीहरु लोप हुन लागेकोले यसको उत्पादन बृद्धि र किसानलाई महत्व बुझाउन मेलाले निकै महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ। कृषि व्यवसायको सम्मान र प्रोत्साहन गर्नु अहिलेको आवश्यकता देखिएको उनी बताउँछिन्। अर्गानिक बालीको उत्पादनमा जोड दिनुपर्ने स्थानीय महिला चुक्की महताराले बताइन्।

सूचना, समाचार तथा विज्ञापनका लागि:
०८३-५२१६२७

कर्णाली प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय

## स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ीकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ। यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ।

साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आायुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ।

युगआह्वान
राष्ट्रिय दैनिक

## वनका...

बसोबास गर्दै आएको ठाउँमा कुनै सदस्यको मृत्यु भए तत्कालै उक्त ठाउँ छाड्नुपर्ने राउटेको परम्परागत चलनलाई निरन्तरता दिएका छन् भने अन्य कुरामा सामाजिक करण भईरहेको स्थानीय बासी सुरेन्द्र शाहीले बताए।

मधुश,खाट,झुमा,आरी कु काठबाट निर्माण गरेका काठका सामग्री बिक्री गरी जीवनयापन गर्दै आएको यो समुदाय भने पछिल्लो समय परनिर्भर वन्दै गएको छ। राउटेलाई सरकारले परनिर्भर बनाएको स्थायीबासीको भनाई छ। पहिला राउटे समुदाय आत्मनिर्भर थियो आजभोली सरकारले दिने सामाजिक सुरक्षा भत्ता र विभिन्न एनजीओ आईएनजीओ दिने राहतले राउटे अल्छी भएका छन् सामाजिक सुरक्षा रकमले मदिरामा मोह जागेको छ।

सरकारले अर्थशास्त्री, समाजशास्त्री, संस्कृतिविद, मानवशास्त्रीसहित उच्चस्तरिय समिति गठन यो समुदायको संस्कार विग्रिन नदिन र संस्कार जोगाई राख्न पहल गर्नुपर्छ नत्र भने नेपालको सम्पदा, कर्णालीको गहना भनेर चिनिने यो समुदाय केही वर्षमा लोप हुने निश्चित देखिन्छ।

## सुन्तलाको...

अहिले त हाम्रो क्षेत्रमा स्थानीय जातको रैथाने सुन्तला लोप नै हुने अवस्थामा छ, सुन्तलाको बोट पनि मासिए,' उनले भनिन्। हाल खम्बागाडे भन्दा माथिल्लो उच्च भुभागमा सुन्तला खेती राम्रो हुन थालेको उनी बताउँछिन्।

दुल्लु नगरपालिका-११, कालभैरवका जगत् पन्तले २०५३ सालमा पाँच रोपनी जग्गामा सुन्तला खेती सुरु गरे। त्यसको २४ वर्षपछि उनले आफ्नो सुन्तला खेती १५ रोपनीमा बिस्तार गरे। सुन्तला खेती सप्रेका बेला उनको बार्षिक आम्दानी पाँच लाखसम्म भयो। केही वर्षदेखि सुन्तलाको उत्पादन घट्दै गएपछि उहाँमा निराशा छाएको छ। करिब दुई वर्ष यता सुन्तलाको बोटमा फल लाग्न छाडेको, दाना सानो भएको र पहिलाजस्तो मिठो पनि नहुने उनको अनुभव छ। 'कतै रोग लागेर समस्या छ, बचेका ठाउँमा पनि रोग किराको प्रकोपले समस्या पारेको छ,' उनले भने। उनको बगैँचामा रहेका डेढसय सुन्तलाको उत्पादन बर्सेनि घट्दो छ।

यी केहि प्रतिनिधि किसान मात्रै हुन्। विभिन्न कारणले सुन्तला खेतीनै संकटमा परेपछि दैलेखका किसान समस्यामा परेका छन्। केहि बर्षयता यहाँको रैथाने सुन्तला मासिन थालेको छ। सुन्तलाका बिरुवामा बिस्तारै पात झर्ने, दाना सानो हुने र बोट सुक्दै जाने समस्या देखिएको छ। अरू बाली र फलफूल लगाउन छाडेर सुन्तला खेती गरेका किसानहरु विभिन्न रोगले धमाधम सुन्तलाका बिरुवा मासिन लागेपछि चिन्तित छन्।

दैलेखका सयौँ परिवारले लगाएका सुन्तला अहिले संकटमा छन्। सुन्तलाका हाँगा र डाँठ सुक्दै जाने, साना दाना लाग्ने, कम फल्ने जस्ता समस्या भएको कृषकहरु बताउँछन्। दुल्लुको गमौडी क्षेत्रमा ५/७ वर्षदेखि सुन्तला फल्न छोडेको स्थानीय युवा नविन योगी बताउँछन्। सुन्तला खेती संकटमा परेपछि घर खर्च धान्न नसक्दा यहाँका सुन्तला किसान मजदुरीका लागि भारत जानुपर्ने बाध्यतामा छन्।

सरकारी निकायले पनि रोग किरा नियन्त्रणमा बेवास्ता गरेका किसानहरुको गुनासो छ। गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनौंट जस्ता काममा किसानले ध्यान नदिएकाले सुन्तला बगैँचा मासिने क्रम बढेको सरकारी अधिकारीहरु बताउँछन्। जिल्लाको दुल्लु नगरपालिकाका वडा नम्बर १-१३ सम्म र भैरबी गाउँपालिकाको वडा नम्बर ३ देखि ७ सम्म प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत सुन्तला जोन कार्यक्रम लागु छ।

२०७३ देखि लागु भएको उक्त परियोजनाले सुन्तला खेतीको क्षेत्र विस्तार, सिंचाई, सुन्तला बगैँचा व्यवस्थापन, किसानलाई प्राविधिक सहयोग गरिरहेको छ। परियोजनाले सुन्तला जोन अन्तर्गत वर्षेनी ३०-५० लाखसम्म बजेट खर्चिने गरेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना कार्यान्वयन इकाई सुर्खेतका प्रमुख पुष्पराज पौडेलले दैलेखमा सुन्तलाको उत्पादन क्षेत्र घट्दै गएको बताउँछन्।

रोग प्रकोपको आक्रमणले सुन्तलाका बोट सुक्दै गएको उनको भनाई छ। 'अब सुन्तलाका पुरानो बगैँचालाई हटाएर नयाँ स्वस्थ बिरुवा लगाउनुपर्छ,' उनले भने। जलवायू परिवर्तनको असर प्रत्यक्ष रुपमा सुन्तला खेतीमा देखा परेको पौडेल बताउँछन्। 'जलवायू परिवर्तनको असर प्रत्यक्ष रुपमा सुन्तला खेतीमा परेको देखिन्छ, पहिले सुमुन्द्र सतहदेखि १२ सय मिटरसम्मको उचाईमा सुन्तला उत्पादन राम्रो हुन्थ्यो, अहिले उक्त उचाईमा सुन्तला फल्न छोड्यो त्यहाँ आँपको उत्पादन राम्रो हुन थाल्यो, अहिले त सुन्तला खेतीका लागि १५ सय मिटर उचाईसम्मको हावापानी राम्रो हुन थाल्यो,' उनले भने।

सुन्तला जोन कार्यक्रमले दुल्लु नगरपालिका र भैरवी गाउँपालिकाका बिरुवामा गरेको पीसीआर अनुसन्धानमा 'ग्रिनिङ' रोगका कारण सुन्तलाका बोट सुक्दै गएको फेला परेको थियो। उक्त अनुसन्धानमा रोगका कारण झन्डै ५० प्रतिशत उत्पादन घटेको देखाएको थियो। सुन्तला बगैँचाको व्यवस्थापन कमी हुँदा पनि सुन्तलाको उत्पादन घटेको देखाएको छ। कृषियोग्य जमिनको एकीकरण नहुनु, विशिष्टीकृत व्यवसायीकरणको अभाव, उन्नत प्रविधि नअपनाइनुलगायत कारण पनि समस्या भएको छ।

भैरबी गाउँपालिका-७ मान्मका किसान कृष्णप्रसाद आचार्यले सुन्तला खेती संकटमा पर्दै जानुमा किसानहरुको कमजोरी पनि रहेको बताउँछन्। 'किसानहरूको लापरबाही पनि उत्तिकै छ,' उनले भने, 'किसानहरूले मलजलको उचित व्यवस्थापन पनि गर्न सकेका छैनन्,' उनले भने। ३६ वर्षिय आचार्य पछिल्लो ७ वर्षयता सुन्तला खेती गरिरहेका छन्।

उनको बगैँचामा पाँच सय बोट सुन्तला छ। नगदे बाली छोडेर व्यक्तिगत लगानीमा सुन्तला खेती सुरु गरेको आचार्यले सुन्तलामा बढि हेरचाहाको गर्नुपर्ने बताउँछन्। सुन्तला जोन कार्यक्रमबाट धनकुटामा सुन्तला खेतीबारे तालिम प्राप्त गरेका आचार्य भन्छन् 'जलवायू परिवर्तन, रोककिरा र प्रकोप र हेरचाहामा कमी हुँदा दैलेखमा सुन्तला खेती संकटमा परेको देखिन्छ।'

किसानले सुन्तलाको बोट रोपेर छोडिदिने, हेरचाहा नगर्ने प्रवृति रहेको उनको भनाई छ। 'सुन्तलाको बोट रोपेपछि त्यो बोटलाई खाद्य तत्व कति मात्रामा चाहिन्छ, रोग किरा र प्रकोप नियन्त्रण गर्न कुन समयमा कुन औषमी प्रयोग गर्ने, काँटछाँटको तरिका, मल र पानी कति मात्रामा दिने भन्नेबारे ज्ञान किसानहरुमा छैन्, त्यसैले सुन्तला खेती संकटमा पर्दै गएको छ।' सुन्तला खेतीको आधुनिक प्रविधिबारे सबै किसानहरुलाई ज्ञान र सिप दिइनुपर्ने उनी बताउँछन्। पुराना बिरुवा भएकाले पनि उत्पादन घट्दै गएको उनी बताउँछन्।

# कालीकोटमा पाइने जडीबुटी लोप हुने अवस्थामा

**युग संवाददाता**
**कालीकोट, ६ वैशाख।**

कालीकोटका लेकाली भेगमा पाइने जडीबुटी लोप हुने अवस्थामा पुगेका छन्। कालीकोटका लेकाली क्षेत्रमा अत्यधिक दोहन हुँदा जडीबुटी लोप हुने अवस्थामा पुगेका हुन्।

जलवायु परिवर्तन, आगलागी, लोपोन्मुख जडीबुटीको खेती प्रविधिको अभाव, अत्यधिक दोहन तथा चोरी निकासीका कारण बहुमूल्य जडीबुटी दिनप्रतिदिन लोप हुँदै गएका छन्।

पछिल्लो समय कालीकोटमा रिठ्ठा, अमला, टिम्मुर, काउलो, सतुवा, बोझो, सालनदाना, चिराइतो, प्राउनबोक्रा, सुठो, सोफनल, दालचिनी, अमरदाना, जटामसी, सुगन्धवाललगायतका जडीबुटीको अभाव हुन थालेको खाँडाचक्र नगरपालिका-१ जडीबुटी व्यवसायी अजबहादुर गिरीले बताए।

'कालीकोटमा पाइने जडीबुटीको व्यावसायी खेतीको अभावका कारणले अहिले लोप हुने अवस्थामा पुगेका छन्', उनले भने, 'प्राकृतिकरुपमा जडीबुटीको दोहन मात्रै भयो। त्यसको व्यावसायिक खेती नहुँदा अहिले समस्या आएको हो।' परापूर्वकालदेखि वन क्षेत्रमा पाइने महत्वपूर्ण जडीबुटीहरु संरक्षण नहुँदा लोप हुने अवस्थामा रहेको रास्कोट नगरपालिका-२ देवीलाल न्यौपानेले बताए। 'गाँउमा दुःखी बिरामी हुँदा पहिले जडीबुटीकै भर थियो। बिरामी पर्दा तिनै जडीबुटीले उपचार गर्ने पद्धति थियो।' उनले भने, 'अहिले गाउँगाउँमा मेडिकल आए। भएका जडीबुटी सबै लोप हुन थालेँ।'

नेपाल सरकारको प्राथमिकतामा परेका ३३ प्रजाति जडीबुटीमध्ये कर्णालीमा २७ प्रजातिका जडीबुटी पाइने गरेको डिभिजन वन कार्यालय कालीकोटका वन अधिकृत प्रकाश देवकोटाले बताए। 'कालीकोटको जडीबुटीलाई व्यवसायीकरण गर्ने सकिए यहाँको आर्थिक समृद्धिको मुख्य आधार बन्न सक्छ', उनले भने, 'जिल्लाबाट ५१ प्रजातिका जडीबुटीहरु व्यापारिक प्रयोजनामा निर्यात हुने गरेका छन्।'


## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो। जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरूलाई फ्लू लाग्न सक्छ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ। ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन्। भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ।

### फ्लूका लक्षण के हुन् ?




( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन। दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत



## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा
## फोन गर्नुहोस ।
## समस्या सुनाउनुहोस
## समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अब एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ सै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८



## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन्।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



८१
भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।